
cbm

Australian Aid

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
NFD-N




# "हामीलाई पनि समावेश गर" परियोजना मुल्याङ्कन प्रतिवेदन

"हामीलाई पनि समावेश गर" परियोजनामा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र यसका सदस्य संस्थाहरूले के गरे ।

सरल भाषा माध्यम प्रतिवेदन: पहिलो प्रकाशन, २०८१

## आभार

यो मूल्यांकन प्रतिवेदनलाई सरल भाषामा अरुणा पराजुली (नेपाली भाषामा) र जुली स्मिथले (अंग्रेजी भाषामा) चित्र राखेर तयार गर्नुभएको थियो। उहाँहरू २०२४ मा परियोजनाको मूल्यांकन टोलीका सदस्य पनि हुनुहुन्थ्यो।

इजी टु रिडमा बनेको यो रिपोर्टलाई एनएफडीएनले बनाएको सरल भाषा सम्पादन समूह (Easy to Read Checking Group) का सदस्यहरू (शान्ति फुयाल, निश्चल केसी, सन्तोष जीसी र शशि बाबु पौडेल) ले मुकुन्द हरी दाहालको सहयोगमा जाच गरी स्वीकृत गर्नुभएको थियो।


सरल भाषामा बनेको नेपाली र अंग्रेजी प्रतिवेदन राष्ट्रिय अपांग महासंघ नेपाल (NFDN) को वेबसाइटमा राखिएको छ।




यो परियोजनामा सरकारले अपाङ्गता भएका ब्यक्ति र तिनका परिवारसँग मिलेर काम गर्ने अझ राम्रा तरिकाहरु कस्ता हुन सक्छन भन्ने सम्बन्धमा काम गरियो।

यो परियोजनामा सन २०१९ देखि २०२४ सम्म ५ वर्ष काम गरिएको थियो।

---




यसको उद्देश्य सदस्य संस्थाहरुलाई सरकारसँग खुलेर आफ्ना सवालहरु भन्न सक्ने बनाउनु रहेको थियो।

यसले सरकारलाई जिम्मेवार बनाउन पनि सहयोग गर्थ्यो।

यो काम गर्न CBM बाट महासंघले बैठक खर्च, तलव, यातायात, सरल भाषा पुस्तक विकास र प्रकाशन खर्चहरु दिएको थियो।





सन् २०२४ को जुलाइमा यस कामको उपलब्धी कस्तो थियो भनेर मुल्याङ्कन गरियो। मुल्याङ्कन भनेको कुनै पनि कामको उपलब्धि जाँच गर्ने तरिका हो। यस्तो मुल्याङ्कन परियोजना बारे जानकारी भएका ब्यक्तिहरुले गर्दछन्। यस्तो मुल्याङ्कनबाट:

- के कस्ता कामहरु गरियो।
- के काम फरक तरिकाले गर्न सकिन्थ्यो।
- अरु मानिसहरुले हाम्रो यस कामलाई कसरि हेरे।
- भबिष्यमा कसरी अझ राम्रो गरि काम गर्न सकिन्छ।

भन्ने सुझावहरु प्राप्त भएका छन्।

---




**यस मुल्याङ्कनले के भनेको छ:**


- महासंघले सरकारलाई अपाङ्गता भएका ब्यक्तिहरुसँग काम गर्न निकै राम्रा र उपयोगी तरिकाबाट वकालत गरेको पाईयो।

यीनै वकालतका कारण:

- नेपाल सरकारले अपाङ्गता भएका ब्यक्ति सम्बन्धि राष्ट्रिय नीति बनाएको छ।
- यस नीतिले तीनै तहका सरकारलाई अपाङ्गता भएका ब्यक्तिहरु समेतका लागि:
  - सहायता सेवा,
  - सरल भाषा माध्यम,
  - परिवार सहायता




प्रहरी कार्यालय, अदालत जस्ता सरकारी र सार्वजनिक ठाँउहरु सबैका लागि सजिला हुनु पर्ने जस्ता सवालहरुमा काम गर्न भनेको छ ।




**यस्ता कानूनी ब्यावस्थाहरुले गर्दा:**

- बिद्यालयहरुमा पहुँचयूक्त भौतिक संरचनामा काम भएको देखियो ।
- पहुँचयूक्त भौतिक संरचना भन्नाले सबैले प्रयोग गर्न सक्ने संरचना बुझिन्छ ।
- समावेशी शिक्षाका लागि कामहरु हुने गरेका देखियो ।



२०७८ सालमा नेपालमा जनगणना गरिएको थियो।

नेपालमा हरेक १० वर्षमा जनगणना गर्ने गरिन्छ।

जनगणना भनेको देश भित्र बस्ने सबैको घरमा गएर हरेक ब्यक्तिको बारेमा जानकारी लिनु हो।


महासंघको वकालतले गर्दा यो जनगणनामा अपाङ्गता भएका ब्यक्तिहरुको पनि राम्रो विबरण आएको पाईयो।




प्रदेशहरुमा पनि अपाङ्गता भएका ब्यक्तिका संस्थाहरुले खुलेर आफ्ना सवालहरु सरकार समक्ष राख्ने गरेको पाईयो।



अहिले प्रहरी र अदालतहरु पनि अपाङ्गताका बारेमा सहयोगी र जानकार रहेको पाईयो ।





अदालत तथा प्रहरीमा सहायता गर्ने ठाँउ, सांकेतिक भाषा दोभाषे, सहयोगी ब्यक्ति, सजिलो भाषामा बुझाउने सेवाहरु देखियो ।



अस्पताल तथा कतिपय सरकारी भवनहरुमा र्याम्प, अपाङ्गतामैत्री सौचालय र संकेतहरु पाईयो।

यस्ता कुराहरुले अपाङ्गता अपाङ्गता भएका व्यक्ति लगायत सबैको पहुँच बढाउने गरेको पाईयो।




मुल्याङ्कनबाट बिगतमा भन्दा राम्रो देखिए पनि कतिपय ठाँउहरुमा अझै धेरै काम गर्नु पर्ने देखिएको छ।


यसका लागि यो मुल्याङ्कनले सरकारले नीति निर्माण देखि बजेट ब्यावस्था र नीति कार्यान्वयनमा काम गर्नु पर्ने सुझाव गरेकोछ।




यस मुल्याङ्कनले सरकारसँगको वकालतमा तल लेखिएका कुराका लागि महासंघको प्रसंशा गरेको छ।

- सबै प्रकारका अपाङ्गता भएका ब्यक्तिहरुका साथमा महिला र पुरुषको समान सहभागिताका लागि।

---




संघ र प्रदेशहरुमा अपाङ्गता भएका ब्यक्तिहरुको सक्रिय सहभागिताको लागि।



बौद्धिक अपाङ्गता भएका ब्यक्तिहरुको स्ववकालत क्षमतामा भएको राम्रो परिवर्तनका लागि।

- अपाङ्गता भएका स्ववकालतकर्ताहरु आफ्नो अधिकारका लागि निकै नै सचेत देखियो
- स्ववकालतकर्ताले आफ्नो जीवनमा राम्रो परिवर्तन गर्न सकेको उपलब्धीका लागि। (अभिभावकको सहयोगी भूमिकाका लागि)
- अभिभावकहरुले यस्ता कामहरु महासंघले गरिरहोस् भन्ने चाहेका छन्।



सरल भाषा माध्यमका सामग्रीहरुको बिकासमा सजिलो बनाउन सकेको अवस्थाका लागि।




यस कामका क्रममा महासंघले ३३ वटा अपाङ्गता भएका ब्यक्तिहरुको संगठनलाई वकालत तथा सुशासनका लागि सहयोग पनि गरेको थियो। सुशासन भन्नाले नीति नियम अनुसार असल अभ्यासले सस्था चलाउने तरिका हो।

यहि सहयोगका कारण:


- अहिले ती संस्थाहरु सरकारसँग वकालत गर्न,
- अपाङ्गता अधिकारका लागि काम गर्न,
- अपाङ्गता भएका ब्यक्तिहरुलाई आबश्यक पर्दा सहयोग गर्न सक्ने अवस्थामा रहेको पाईयो।

---




यस मुल्याङ्कनले केहि कमजोरीहरु पनि पहिचान गरेर सल्लाह दिएको छ। जसमा:

- महासंघले यस परियोजनामा धेरै कामको जिम्मेवारी बोकेको देखियो।
- यसले गर्दा काममा कठिनाई र राम्रोसँग काम गर्न असजिलो हुन सक्छ। यसमा ध्यान दिनुपर्छ।




महासंघले सरल रुपमा आफ्ना सवालहरुको सूची बनाउनु पर्छ।

जसले गर्दा सजिलै बुझ्न र के गर्नुपर्ने हो थाहा पाउन सजिलो हुनु पर्दछ।

---




सरकारले गर्नै पर्ने कामको आधार सहितका मागहरु राख्न सक्नु पर्दछ ।

आधार सहित भन्नाले प्रमाणसहितका मागहरु हुन्।




यस परियोजनाका काममा सबै खुसि भएको देखियो।

यसका लागि  CBM Australia र CBM Switzerland ले आर्थिक सहयोग गरेका थिए।

NFDN र यसका सदस्य संस्थाहरुले यति राम्रो काम गर्न सफल भएकोमा खुसी मनाउनु पर्ने देखिन्छ।

**अंग्रेजी-नेपाली अनुवाद र सरल भाषा मस्यौदा:**

**सरल भाषा माध्यम सहजकर्ता:** मुकुन्दहरि दाहाल

**सम्पादन स्ववकालतकर्ता समुह:** शान्ती फुँयाल, निश्चल के.सि., सन्तोष जिसि, शशीबाबु पौडेल

**संयोजन:** कुशल न्यौपाने, जलसा सापकोटा

**डिजाइन:** आशिष राई

cbm

Australian Aid

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
NFD-N